# ११. श्री मोहनमान सैंजु

*[संवत् २०४१ सालको 'मदन पुरस्कार' 'प्रत्यागमन' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री कञ्चन पुडासैनीलाई समर्पण गर्ने संवत् २०४२ साल कार्तिक २ गते रोज ६ का दिन आयोजित समारोहमा राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. मोहनमान सैंजुले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १०५ बाट उद्धृत गरिएको हो ।]*

सम्माननीया जगदम्बाज्यू तथा उपस्थित आदरणीय विद्वद्वृन्द !

आज यस महत्त्वपूर्ण समारोहमा उपस्थित भई केही शब्द बोल्ने अवसर प्रदान गर्नुभएकोमा मदन पुरस्कार गुठी परिवारलाई तथा विशेष गरी श्री कमलमणि दीक्षितज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साहित्य, ज्ञान, विज्ञान तथा कलाका क्षेत्रमा प्रकाशित कृतिहरूमध्ये उत्कृष्ट ठहरिएका कृतिको कदर गर्ने परम्पराको प्रारम्भ गरेर यस गुठीले अमूल्य गुन लगाएको छ । यस अतिरिक्त यस गुठीले सञ्चालन गरिरहेका अन्य कार्यक्रमहरू पनि आफ्नो स्थानमा महत्त्वपूर्ण छन् । मदन पुरस्कार पुस्तकालयले आफ्नो स्थापनाकालदेखि नै आफूलाई नेपाली भाषा र साहित्यको आधिकारिक सङ्ग्रहस्थल बन्ने प्रयास जारी राखेको छ जुन कुरा राष्ट्रिय महत्त्वको विषय हुन पुगेको छ। गुठीअन्तर्गत प्रकाशित त्रैमासिक 'नेपाली' पत्रिकाले आफ्नो सक्दो योगदान गरी आएको कुरा सर्वविदितै छ । यसरी गुठीले सञ्चालन गरिरहेको कार्यक्रमहरूमध्ये एउटा अर्को महत्त्वको कार्यक्रम प्रतिभाशाली विद्यार्थीहरूलाई प्रत्येक वर्ष २ जनाका दरले कलकत्ताको मेडिकल कलेजहरूमा अध्ययनका लागि स्थान उपलब्ध गराउने व्यवस्था रहेको छ । देशमा स्वास्थ्य सेवाको विकासका लागि आवश्यक दक्ष जनशक्तिको उत्पादनमा यसबाट पनि सानो रूपमा भए पनि ठोस योगदान पुग्न गएको अनुभव गरेको छु। यी सबै सत्प्रयासका लागि मदन पुरस्कार गुठी बधाई एवं धन्यवादको पात्र रहेको छ ।

सर्वाङ्गीण राष्ट्रिय विकासको लक्ष्य-प्राप्तितर्फ साहित्य, कला तथा संस्कृतिको महत्त्वपूर्ण भूमिका रहेको कुरा आज बढी स्पष्ट हुन पुगेको छ। त्यसकारण राष्ट्रिय विकासमा यस क्षेत्रको विकासको पक्षलाई एकीकृत रूपमा आवद्ध गराई लानुपर्ने खाँचो

बारे नीति निर्णायक तहमा बढी जागरूकता देखा पर्न थाल्नु उत्साहवर्द्धक मान्नु पर्दछ। तर यसतर्फ गरिनुपर्ने काम धेरै छ र सम्बद्ध सबैको कटिबद्ध प्रयास पहिलो पूर्वावश्यकता हुन पुगेको छ।

सर्वाङ्गीण राष्ट्रिय विकासको आजको सन्दर्भमा अर्को महत्त्वपूर्ण पक्ष दण्ड र पुरस्कारको नीतिको सही तथा प्रभावकारी कार्यान्वयनसित सम्बन्धित छ। राम्रोलाई राम्रो गर्‍यौ तथा नराम्रोलाई नराम्रो भनी भन्न सक्ने कुरा जति महत्त्वपूर्ण छ यो उत्तिकै जटिल र कठिन पनि छ। यस्तो स्थितिमा राम्रो काम गर्नेलाई कदर गर्ने तथा पुरस्कृत गर्ने परम्परालाई मात्र अगाडि बढाउन सक्यौं भने पनि राम्रो गर्ने धारणा राख्ने तथा प्रयास गर्ने असङ्ख्य व्यक्तिहरूलाई प्रेरणा र प्रोत्साहन उपलब्ध हुन सक्दछ। यसको अभावमा समाजभित्र अनेकन विसङ्गतिका साथै नैतिक तथा चारित्रिक विकृतिहरूले बढावा पाउन थाल्ने हुन्छ। त्यसकारण यस दिशामा गरिने कुनै पनि प्रयास स्वागतयोग्य कुरा हुन जान्छ। राष्ट्रनायक सरकारबाट विकाश क्षेत्रहरूको अनौपचारिक भ्रमणका अवसरमा बक्सने गरेको कदर तथा प्रोत्साहनले कुनाकाप्चा तथा गाउँघरसम्ममा छरिएर बसेका सामाजिक कार्यकर्ता, जनप्रतिनिधि तथा राष्ट्रसेवकहरूलाई समेत समेट्न सकेको छ। यसै पृष्ठभूमिमा मदन पुरस्कार गुठीको सत्प्रयास पनि महत्त्वको ठानेको छु।

आज पुरस्कृत हुनुहुने साहित्यकार कञ्चन पुडासैनीसितको मेरो व्यक्तिगत चिनापर्ची झन्डै दुई दशक पुरानो भएकोले उहाँको जस्तो प्रतिभाको कदर हुन लागेकोबाट मलाई व्यक्तिगत रूपमा समेत ठूलो हर्षको अनुभव भएको छ। विभिन्न कठिनाइहरूको बाबजुद उहाँले साहित्यको क्षेत्रमा गर्दै आउनुभएको योगदानको साँचो कदर यसपटकको पुरस्कारले गरेको छ जस्तो लाग्छ। उहाँलाई म आफ्नो तर्फबाट हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु।

अन्त्यमा, आजको जस्तो गरिमामय समारोहबाट साहित्य, कला, संस्कृति तथा ज्ञानविज्ञानको क्षेत्रमा कार्यरत असङ्ख्य प्रतिभाशाली युवाहरूलाई प्रेरणा तथा हौसला मिल्न सकोस् भन्ने कामना गर्दै आफ्नो सानो मन्तव्य यहीं टुङ्ग्याउने अनुमति चाहन्छु। धन्यवाद!

☒ ☒ ☒